सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. २१
असार, २०७८

# लुम्बिनी प्रदेश : कानून र नीति निर्माणमा सिभिक स्पेसको अवस्था

**गोपाल प्रसाद बश्याल / किरण कौशल**

## परिचय

नेपालमा संघीय प्रणाली स्थापित भएसँगै संघीय, प्रादेशिक र स्थानीय गरी तीनवटै तहका सरकारलाई आ-आफनो क्षेत्राधिकारभित्र रही कानून बनाउने अधिकार नेपालको संविधानले नै प्रदान गरेको छ । संविधानको त्यही प्रावधानअनुसार प्रदेश र स्थानीय सरकारले विभिन्न नीति एवं कानूनहरू निर्माण गरेका छन् । यस क्रममा प्रस्तुत आलेख लुम्बिनी प्रदेश सरकारमा निर्माण गरिएका मिडिया र संघसंस्था दर्तासम्बन्धी ऐनकानूनहरूमा नागरिक स्वतन्त्रता (Civic Space) को अवस्था विश्लेषण गरी आवश्यक सुझाव संकलनार्थ प्रस्तुत गर्न तयार पारिएको छलफल-पत्र हो । यसमा विशेषगरी लुम्बिनी प्रदेश सरकार र लुम्बिनी प्रदेशका तिलोत्तमा नगरपालिका, रूपन्देही र रिब्दिकोट गाउँपालिका, पाल्पाबाट जारी ऐन र विधेयकलाई आधार मानी अध्ययन गरिएको छ । साथै २०७८ असार १४ गते प्रदेश सरकारका सूचना मन्त्री चेतनारायण आचार्यका साथै विभिन्न राजनीतिक दलका सांसदहरू र नागरिक समाजका व्यक्तिहरूसँग गरिएको छलफलमा अभिव्यक्त भएका धारणालाई समेत यो छलफल पत्रमा समावेश गरिएको छ ।

प्रदेश सरकारका सम्बन्धित मन्त्रालयबाट ऐनको मस्यौदा तयार, कानून मन्त्रालयसँग सैद्धान्तिक सहमति माग, मस्यौदा सम्बन्धित मन्त्रालयद्वारा मन्त्रीपरिषदमा पेश, मन्त्रीपरिषदबाट अनुमोदित मस्यौदा सदनमा पेश, र सदनमा छलफल, संशोधन, छलफलपछि पारित भैसकेपछि प्रदेश प्रमुखबाट प्रमाणित भै ऐन निर्माण हुन्छ । यसैगरी स्थानीय सरकारका विषयगत वा विधायक समितिमा छलफल, कार्यपालिका वा सभामा पेश गरी सुझाव ग्रहण, कार्यपालिका वा सभाबाट अनुमोदन, र प्रमाणीकरण र राजपत्रमा प्रकाशन गरी स्थानीय सरकारका ऐन निर्माण हुन्छन् । यसरी ऐन कानून निर्माण गर्ने क्रममा सम्बन्धित सरोकारवाला विशेषज्ञ वा संघसंस्थागत प्रतिनिधि वा सरोकारवालाहरूकाबीच छलफल, परामर्श गर्ने बैधानिक प्रावधान स्पष्ट नदेखिए पनि

स्वेच्छिक वा निर्माताको ईच्छा वा प्रबृत्तिअनुसार विधेयक मस्यौदा निर्माण वा पारित गर्ने प्रक्रियाका रूपमा विभिन्न समितिले कहिलेकाँही छलफल, परामर्श गर्ने गरेको तर ती परामर्शहरूबाट प्राप्त सुझावहरु अपेक्षित मात्रामा समावेश नभै सरोकारवालाको विमति रहने प्रावधानसहितका ऐनकानून निर्माण हुने गरेको देखिन्छ ।

विभिन्न प्रक्रिया पूरा गरेर निर्माण हुने ऐन कानूनहरूले राज्य सञ्चालनको व्यवस्थापन गर्नुको साथै नागरिकलाई प्राप्त संबैधानिक हक अधिकारको प्रत्याभूति गर्दछन् । लुम्बिनी प्रदेश सरकारले २०७७ साउन १ गतेसम्म जम्मा ७१ वटा ऐन निर्माण गरेको छ । हाल सदनमा तीनवटा विधेयक दर्ता भई छलफलमा रहेको छ । यो सन्दर्भमा प्रस्तुत छलफल पत्रमा लुम्बिनी प्रदेश सभाले बनाएका नीति नियम र कानूनहरूको विश्लेषण गर्ने क्रममा विशेषगरी मिडियाका साथै नागरिक स्वतन्त्रतासँग जोडिएका नीति नियम र कानूनहरूको विश्लेषण गरिएको छ । यसका साथै स्थानीय तहको नीति निर्माण विश्लेषणका लागि अध्ययनको क्रममा तिलोत्तमा नगरपालिका र रिब्दिकोट गाउँपालिकालाई छनौट गरिएको थियो । र, उनीहरूले बनाएका मिडिया एवं नागरिक स्वतन्त्रतासँग जोडिएका नीति र ऐनहरूको विश्लेषण गर्न खोजिएको हो । यो सन्दर्भमा तिलोत्तमा नगरपालिकाले एम एम रेडियो रेडियो ( व्यवस्थापन तथा सञ्चाल) कार्यविधि निर्माण गरेको छ भने गैर सरकारी संस्था दर्ता तथा नियमन गर्ने बनेको विधेयक भने बनाएको पाइएन । त्यस्तै रिब्दीकोट गाउँपालिकाले भने यस किसिमका विधेयक बनाएको पाइएन ।

# पृष्ठभूमि

लुम्बिनी प्रदेश (प्रदेश नं ५) मा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १०९ वटा स्थानीय तह छन् । १७,८१० वर्ग किलोमिटर क्षेत्रफल रहेको यो प्रदेशमा नेपालको कूल क्षेत्रफलको १२.१ प्रतिशत हिस्सा र जनगणना २०६८ अनुसार ४५,४०,२२२ (कुल जनसंख्याको १७.१४ प्रतिशत) जनसंख्या रहेको छ । अस्थायी राजधानीको रूपमा बुटवलबाट प्रदेशको कामकाज सञ्चालन हुँदै आए तापनि २०७७ साल असोज २० गते प्रदेश सभाको निर्णयबाट राप्ती उपत्यका (दाङ देउखुरी) लाई प्रदेश राजधानी तोकिएको र प्रदेशको नाम लुम्बिनी राखिएको हो ।

सात दशक लामो पत्रकारिताको इतिहास रहेको लुम्बिनी प्रदेशमा अन्य सञ्चार माध्यमको तुलनामा पत्रपत्रिकाको संख्या धेरै छ । लुम्बिनी प्रदेशमा २८२ पत्रपत्रिका दर्ता भएका छन् भने अहिले ८३ वटा प्रकाशन भएको देखिन्छ । १०२ वटा रेडियो दर्ता भएकोमा ९७ वटा सञ्चालनमा छन् । प्रदेशभित्र १६ वटा टेलिभिजन दर्ता भएका छन् जसमध्ये १४ वटा प्रसारणमा छन् । प्रदेशमा ९२ वटा अनलाइन दर्ता भएको रेकर्ड छ जसमध्ये ६५ वटा सञ्चालनमा रहेको देखिन्छ ।[1]

लुम्बिनी प्रदेशमा रूकुमपूर्व बाहेक ११ जिल्लामा नेपाल पत्रकार महासंघका शाखाहरु रहेका छन् । यसका साथै लुम्बिनी प्रदेशमा नेपाल प्रेस युनियन, प्रेस संगठन नेपाल, आदिवासी जनजाती पत्रकार महासंघ, आर्थिक पत्रकार समाज, मधेशी पत्रकार संघ, थारू पत्रकार संघ, राष्ट्रिय दलित पत्रकार संघ, नेपाल वातावरण पत्रकार संघ, स्वतन्त्र पत्रकार संघ, सामुदायिक रेडियो प्रशारण संघ, ब्रोडकाष्टिङ्ग एशोसियसन अफ नेपाल, संसदीय मामिला पत्रकार समाज, संचारिका समूह नेपाल, प्रकाशन तथा प्रसारण समाज, सम्पादक समाज, पाल्पा विकास केन्द्र लगायतका संस्थाहरू मिडिया अधिकारका क्षेत्रमा क्रियाशील छन् ।[2]

समाज कल्याण परिषदका अनुसार लुम्बिनी प्रदेशमा २०७६ असारसम्म ३९९२ संस्थाहरू दर्ता छन् भने ् ।[3] सेतो गुराँस बाल विकास सेवा, मानवअधिकार तथा शान्ति समाज, पाल्पा विकास केन्द्र, तानसेन, चाँदनी नेपाल रूपन्देही, वागेश्वरी असल शासन क्लब (बास) बाँके, अनौपचारीक सेवा केन्द्र (इन्सेक), मधेश मानवअधिकार गृह (माहुरी होम) कपिलबस्तु, कालिका स्वाबलम्वन सामाजिक केन्द्र कपिलबस्तु, विकास सरोकार समाज रोल्पा, मानव अधिकार वातावरण र विकास अभियान तथा अनुसन्धान केन्द्र नेपाल रूकुम पुर्व, पर्यावरण सचेतना समूह अर्घाखाँची, दिगो

1 *प्रेस काउन्सिल नेपाल ४५ बार्षिक प्रतिवेदन २०७७ । प्रेस काउन्सिल नेपाल ।*

2 सेन्टर फर मिडिया रिसर्च नेपाल (२०७८) अप्रकाशित प्रतिवेदन । लुम्बिनी प्रदेशको मिडियामा कोभिड १९ को प्रभाव ।

3 https://www.swc.org.np/sites/default/files/downloads/Province-5-Chart.pdf

सामुदायिक विकासका निम्ती एकता रूपन्देही लगायतका संस्थाहरूले सार्वजनिक नीति निर्माणको विषयमा वहस सिर्जना गर्ने काम गर्छन् । सामाजिक संस्था दर्ताको अवस्था हेर्ने हो भने लुम्बिनी प्रदेशमा बाँके (६४३), बर्दिया (३१२), दाङ (७२३), कपिलवस्तु (३७०), रूपन्देही (५६७), परासी (३६८), पाल्पा (१७५), अर्घाखाँची (१९०), गुल्मी (१८२), प्युठान (१६६), रोल्पा (२०२) र पुर्वी रूकुम (९४) रहेका छन् ।[4]

# मिडिया कानूनको अवस्था

लुम्बिनी प्रदेशमा प्रदेश सञ्चार नीति र छापाखानासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार पारिएको थियो भने प्रदेश प्रसारण विधेयक ऐन र विज्ञापन नियमावली, २०७६ कार्यान्वयनमा आएका छन् । पछिल्लो समयमा प्रदेश सरकारले 'लुम्बिनी प्रदेश, संचार माध्यमसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेश सभामा दर्ता गरेको छ । सुरूवाती मस्यौदामा उल्लेखित प्रावधानहरूको तुलनामा सभामा दर्ता गरिएको विधेयकमा केही पक्षमा सुधार गरिएपनि त्यो पर्याप्त छैन । प्रदेशसभामा दर्ता गरिएको विधेयकमा उल्लेखित सञ्चार परिषद्को स्थापना, फौजदारी कसुर लाग्ने सजायसम्बन्धी व्यवस्था, राजपत्रमा सूचना प्रकाशित गरी समाचार प्रकाशन तथा प्रसारणमा रोक लगाउन सक्ने व्यवस्था, पत्रपत्रिकाको प्रमाणपत्र दर्ता खारेज गर्न सक्ने व्यवस्था, अनलाइनमा प्रकाशित तथा प्रसारण गरिएका सामग्रीमा रोक लगाउन सक्ने व्यवस्था लगायतका प्रावधान संविधानविरोधी, स्थापित प्रेस स्वतन्त्रताको मुल्य मान्यताका साथै स्वतन्त्र प्रेसको सिद्धान्तसँग मेल नखाने किसिमका छन् ।[5]

विधेयकको परिच्छेद ६ को दफा ५३ मा  सञ्चार परिषद् (मिडिया काउन्सिल) को अध्यक्षमा आन्तरिक मामिला तथा कानूनमन्त्री अध्यक्ष रहने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका सचिव, प्रदेश सरकारको श्रम हेर्ने मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रहने प्रावधानप्रति सरोकारवालाहरूले आपत्ति जनाएका छन् ।[6] नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले लुम्बिनी प्रदेशको मिडिया विधेयक संबिधान र पत्रकारिताको मर्मविपरित भएको बताए ।[7] नेपाल पत्रकार महासंघका लुम्बिनी प्रदेश अध्यक्ष बसन्त गिरीले सरकारको आदेश र निर्देशन पालना नगर्नेका लागि झुटो विवरण प्रकाशन गरेको लागेमा सजायको प्रस्ताव विधेयकमा गरिएको बताए । विधेयकमा सरकारले भनेका सूचना निःशुल्क प्रशारण गर्नुपर्ने, सञ्चार माध्यम दर्ता नगरी समाचार प्रकाशन–प्रशारण गर्नेलाई कैद तथा नगद जरिवाना गर्नेजस्ता व्यवस्था समेटिएकामा उनले आपत्ति जनाए ।[8]

त्यसो त ऐनमा अहिले जे जस्तो प्रावधान राखिएको छ, त्यसअनुसार सञ्चार परिषद् सरकारको मातहतमा हुन्छ । र, यसरी सरकारको मातहतमा रहेको सञ्चार परिषद आफैमा नियन्त्रणकारी भुमीकामा हुने भएकाले यो निकाय स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्ने कार्यमा उद्यत हुने खतरा रहन्छ । त्यसैले पनि यो निकायले प्रेस स्वतन्त्रताको दुरूपयोगलाई रोक्ने होइन बरू उल्टै नियन्त्रण गर्ने खतरा भएकाले आलोचना भएको हो । लुम्बिनी प्रदेशका सूचनामन्त्री चेतनारायण आचार्यले सञ्चार प्रतिष्ठानको गठन संरचना र पदाधिकारीसम्बन्धी व्यवस्थामा आफ्नो पनि विमति रहेको बताउँदै भने, 'सरकारका अधिकारी वा मन्त्रीले यस प्रकारको संस्थाको नेतृत्व लिन हुँदैन । यसलाई संशोधन गर्न आवश्यक छ ।'[9]

त्यसो त मिडियालाई नियन्त्रण गर्ने सरकारी नियत विधेयकमा प्रष्ट रूपमा झल्किएको छ । विधेयकको परिच्छेद ८ को दफा ६९ देखि ८७ सम्म मिडिया सञ्चालक र पत्रकारलाई देवानी र फौजदारी सजाय हुने जुन किसिमका प्रावधानहरु राखिएको छ, त्यो आफैमा आपत्तिजनक विषय हो । मिडिया सञ्चालक वा पत्रकारले मिडियामा प्रकाशन वा प्रसारण भएकै कारण फौजदारी मुद्दामा जेल

4 Ibid

5 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । *लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न  बनेको विधेयकको समीक्षा र सुझावहरू* । http://www.mediapolicy.org.np/2021/06/media-policy-reviews-recommendations/3036/

6 अर्याल, माधव । २०७८ । लुम्बिनी प्रदेशसभामा मिडिया काउन्सिल विधेयक दर्ता, सञ्चारमाध्यमको दर्ता नवीकरण बन्द र पत्रकारलाई कैद सजायको व्यवस्था । कान्तिपुर दैनिक, जेठ २९। https://ekantipur.com/news/2021/06/12/162348036333829026.html

7 Ibid

8 Ibid

9 २०७८ असार १४ गते सेन्टर फर मिडिया रिसर्च नेपालले गरेको छलफलमा व्यक्त धारणा ।

जानुपर्ने कुरा स्वतन्त्र प्रेसको वर्खिलाप त हो नै, यसमा सरकारको नियन्त्रण गर्ने नियत प्रष्टै रूपमा देखिएको छ । मिडिया सञ्चालक वा पत्रकारले कुनै अपराधजन्य कार्य गरेमा उनीहरूले उन्मुक्ति पाउँदैनन् । तर, त्यसरी गरिने कारवाहीमा राज्यका अरु कानूनहरु आकर्षित हुन सक्छन् । तर, मिडियामा आएका विषयलाई आधार बनाएर फौजदारी मुद्दा अन्तर्गत जेल जाने वातावरण बनाउनु कुनै हिसावले पनि उपयुक्त देखिँदैन । त्यसैगरी अदालतको प्रक्रियाभन्दा अगाडि नै जरिवाना गर्ने प्रावधानले पनि प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउँछ ।[10]

त्यस्तै परिच्छेद ५ को दफा ४५ मा राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सुचना वा अन्य कुनै पाठ्यसामग्री सोही सुचनामा तोकिएको अवधिसम्मका लागि प्रसारण गर्न वा प्रकाशित गर्न नपाउने गरी वा सोही सुचनामा तोकिएको अधिकारीको स्वीकृति लिएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ भन्ने र दफा ४५ को उपदफा २ मा ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा इजाजत पत्र रोक्न सकिने प्रावधान पनि आफैमा नियन्त्रणमुखी छन् । त्यस्तै दफा १० मा कार्यक्रम उत्पादन तथा प्रसारणका लागि प्राथमिकता निर्धारण गरिएको विषय होस् वा दफा ४६ मा पत्रकारले के गर्ने र नगर्ने भनी ऐनमा नै उल्लेख गरिएका विषय सञ्चारमाध्यमको आधारभूत सिद्धान्तभन्दा विपरीतका विषय हुन् ।

दफा १९ मा पत्रपत्रिकाको प्रमाणपत्र खारेज गर्न सक्ने प्रावधान त सिधै संविधानसँग बाझिने विषय हो । दफा २९ को उपदफा ३ मा म्यादभित्र नविकरण नगराउने अनलाइन सञ्चार माध्यमलाई रोक लगाउन सक्ने व्यवस्था होस् वा दफा ३४ मा रहेको अनलाइन सञ्चार माध्यममा प्रकाशित कुनै पनि सामग्री प्रकाशन वा प्रसारण कानून विपरित रहेको जानकारी प्राप्त गरेमा त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारण रोक लगाउन सकिने प्रावधान स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्ने हिसावले ल्याइएको छ । त्यस्तै दफा ३७ को उपदफा २ मा यस ऐन बमोजिम कुनै सञ्चार माध्यमको इजाजत्र पत्र वा दर्ता खारेज गर्न कुनै बाधा पर्ने छैन भन्ने प्रावधान पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने हिसावले राखिएको देखिन्छ । यसका साथै दफा ४४ मा प्रकाशन तथा प्रसारण गर्न नहुने भन्दै १० वटा बुँदा जे जसरी राखिएको छ, त्यसले पनि स्वतन्त्र प्रेस विकासमा वाधा पुर्‍याउने कुरामा कुनै शंका छैन । विधेयकमा निम्न किसिमका कसुर तथा सजायसम्बन्धी व्यवस्था गरिएको छ[11] जुन स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्ने नियतले ल्याइएको हो ।

- **इजाजतपत्र नलिई र दर्ता नगरी संचालन गरेमाः** इजाजत पत्र नलिई कुनै कार्यक्रम प्रसारण गरेमा, रजिष्टारले इजाजत पत्र बापत लाग्ने दस्तुर र प्रसारण वा वितरण शुल्क असुल गरी सोही रकम बराबरको रकम जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । यस्तै दर्ता नगरी कुनै प्रकाशन प्रकाशित गरेमा त्यस्तो व्यक्तिलाई रजिष्टारले पाँच हजार रूपैयाँसम्म जरिवाना र छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने, जानी जानी झुट्टा विवरण दिएको ठहरेमा रजिष्टारले दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ ।

- **विवरण उल्लेख नगरेमा :** पत्रपत्रिकाले विवरण उल्लेख नगरेमा रजिष्टारले पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने, रोक लगाइएका विदेशी प्रकाशन पैठारी गरेमा दश हजार रूपैयाँसम्म जरिवाना र प्रकाशन जफत गर्न सक्ने, प्रतिवन्धित वा निषेधित प्रकाशन निकासी वा विक्री वितरण गरेमा दश हजार रूपैयाँसम्म जरिवाना र जफत गर्न सक्ने, दर्ता नगरी अनलाइन सञ्चालन गरेमा पाँच हजार रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै हुने, विवरण उल्लेख नगरेमा वा उल्लेख गरेको विवरण झुट्टा ठहरेमा पाँच हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने, आदेश उल्लघंन गरेमा दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने प्रावधान राखिएको छ ।

- **अभिलेख नगरी संचालन गरेमाः** अभिलेख नगरी सञ्चार माध्यम सञ्चालन गरेमा दश हजार

10 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । *लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू* / http://www.mediapolicy. org.np/2021/06/ media-policy-reviews-recommendations/3036/

11 Ibid

रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने, सञ्चार माध्यम सुरू वा बन्द भएको जानकारी नदिएमा पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने, उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्न नहुने कुरा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गरेमा दश हजार रूपैयाँसम्म जरिवाना हुन सक्ने, प्रतिबन्ध उल्लघंन गरेमा दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुन सक्ने प्रावधान राखिएको छ ।

- **पालना गर्नुपर्ने विषय :** पालना गर्नुपर्ने विषय पालना नगरेमा सञ्चार माध्यमले दश हजार रूपैयाँसम्म जरिवना गर्न सक्ने, निषेधित विज्ञापन प्रकाशन वा प्रसारण गरेमा दश हजार रूपैयाँ जरिवाना वा एक वर्षसम्म वा दुवै सजाय गर्न सक्ने र नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सकिने उल्लेख छ ।

लुम्बिनी प्रदेशले तयार पारेको छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा उल्लेखित प्रावधानहरूप्रति पनि सरोकारवालाहरूले उतिवेलै आपत्ति जनाएका हुन् । सेन्टर फर मिडिया रिसर्च नेपाल (२०७५) ले विधेयकको दफा ३, दफा ५, दफा १५, दफा १६, दफा १७, दफा १९ र दफा २२ मा उल्लेखित प्रावधानहरू नियन्त्रणकारी भएको निष्कर्ष निकालेको हो ।[12] दफा ३ को (२) मा उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दर्ता अधिकारीले उक्त दरखास्त उपर आवश्यक छानविन गरी तोकिएको दस्तुर लिई दरखास्तवालालाई छापाखाना संचालन गर्न तोकिएबमोजिम प्रमाणपत्र दिनुपर्नेछ भनी उल्लेखित गरिएको व्यवस्थामा 'छानवीन गरी भन्ने' शब्दावली राखी छापाखाना स्थापना गर्ने कुरामा नै नियन्त्रण गर्न खोजेको देखिन्छ । त्यस्तै दफा ५ को उपदफा (१) मा प्रकाशकले विक्री वितरण गर्नुभन्दा अघि दर्ता अधिकारीलाई पुस्तक दिनुपर्ने जुन प्रावधान राखिएको छ, त्यसले दर्ता अधिकारीलाई तजबिजी अधिकार प्रदान गर्न खोजेको मात्र देखिदैन, प्रकाशन-पूर्वको प्रतिबन्ध अर्थात प्रि-सेन्सरशिप लगाउने खतरा पनि उत्तिकै रहन्छ । त्यसैले यो प्रावधानले अभिव्यक्ति स्वतन्त्रतामा बन्देज गराउने समस्या ल्याउन सक्ने संभावना उत्पन्न गराएको हो । अझ दफा १५ मा किताब वा पत्रपत्रिका प्रकाशनमा प्रतिबन्धको जुन प्रावधान राखिएको छ, त्यसबाट संविधान र प्रचलित कानूनको समेत बर्खिलाप हुने देखिन्छ ।

दफा १६ मा राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्ने प्रावधान राखिएको छ भने उपदफा (२) मा उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत हुँदैन भन्ने प्रावधान राखिएको छ ।

विधेयकमा उल्लेखित यस्ता प्रावधानहरूको राज्य पक्षबाट दुरूपयोग हुने र त्यसले अन्ततः स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्ने संभावना रहन्छ । त्यस्तै दफा १७ मा राखिएको प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने प्रावधानको पनि दुरूपयोग हुने खतरा रहन्छ । यसका साथै निषेधित प्रकाशन, प्रकाशनमा प्रतिबन्ध, जफत जस्ता शब्दहरु विधेयकमा धेरै स्थानमा प्रयोग गरिएका छन् जुन शब्दहरू आफैले स्वतन्त्रतालाई स्वतः खुम्च्याउने जनाउँछन् । त्यसैले पनि कानून निर्माणका क्रममा स्वतन्तन्त्रतालाई खुम्चयाउने यस किसिमका शब्दावलीहरूको प्रयोग लोकतन्त्रमा उपयुक्त देखिदैन ।

त्यसो त लुम्बिनी प्रदेशका सुचनामन्त्री चेतनारायण आचार्यले सरोकारवालाहरूबाट प्राप्त सुझावहरूमाथि विचार गरिने बताए । कानून निर्माणका क्रममा विभिन्न प्रक्रिया पूरा गरी विधेयक प्रदेश सभामा दर्ता भैसकेको अवस्थामा उनले यसमा उल्लेखित प्रावधानहरूलाई प्रक्रियागत हिसाबले संशोधन गरिने पनि बताए । सरकारको मनसाय प्रेस र अभिव्यक्ति स्वतन्त्रताका कुण्ठित गर्ने नभएको पनि उनले प्रष्टीकरण दिए ।[13] नेपाली काँग्रेस प्रदेश सभाकी प्रमुख सचेतक विमला केसीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण गर्ने गरी राखिएका प्रावधान हटाउनुपर्ने र त्यसका लागि आफूले भूमिका खेल्ने बताइन् ।[14] लेखक एवं पत्रकार

12 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । *प्रदेश नं ५ छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मस्यौदामाथि टिप्पणी र सुझाव ।* *http://www.mediapolicy.org.np/2019/02/media-policy-documents/942/*

13 २०७८ असार १४ गते सेन्टर फर मिडिया रिसर्च नेपालले गरेको छलफलमा व्यक्त धारणा ।

14 २०७८ असार १४ गते सेन्टर फर मिडिया रिसर्च नेपालले गरेको छलफलमा व्यक्त धारणा ।

युवराज कँणेलले ऐन/कानून निर्माणमा सरोकारवालाको सुझाव ग्रहण गर्ने प्रवृति नभएका कारण ऐनहरू अनुदार र लोकतान्त्रिक मुल्य मान्यतालाई खुम्चयाउने किसिमको हुन गएको बताए ।[15]

प्रदेश सभामा दर्ता भएका विधेयकहरूमा मात्र होइन, पारित गरेका ऐन तथा नीतिहरूमा पनि उत्तिकै समस्या छ । सेन्टर फर मिडिया रिसर्च नेपाल (२०७५) का अनुसार प्रदेश प्रसारण विधेयक, २०७५ मा पनि प्रस्तावनादेखी थुप्रै प्रावधानहरू अस्पष्ट छन् ।[16] दफा २, दफा ५, दफा ६, दफा ७, दफा ८, दफा ९, दफा ११, दफा १४, दफा १५, दफा १७ र दफा १८ मा समस्या रहेकाले त्यसका कतिपय प्रावधान प्रष्टयाउनुपर्ने र कतिपय प्रावधानहरूलाई संशोधन गर्नुपर्ने निष्कर्ष सेन्टरले उतिवेलै निकालेको हो । त्यसमध्ये कतिपय प्रावधानहरू संशोधन पनि भए । दफा २ मा उल्लेखित इजाजतपत्र, प्रसारक, प्रसारण संस्थाको परिभाषादेखी दफा ५ मा रहेको इजाजतको लागि निवेदन दिनुपर्ने व्यवस्थामा संशोधन गरी प्रदेशसभाले पारित गरेको हो । त्यस्तै दफा ८ मा 'कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ' भनी गरिएको संवैधनिक व्यवस्थाको विपरित अनुदार र नियन्त्रणकारी प्रावधानलाई हटाएको हो । विधेयकको मस्यौदाको दफा १५ (१) को (क) मा 'राजनैतिक दललाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने' भनी उल्लेख गरिएको अनुपयुक्त प्रावधानलाई भने पारित गर्दा हटाइएको छ जुन सकारात्मक पक्ष हो ।

मस्यौदामा उल्लेखित अन्य कतिपय विवादास्पद प्रावधानहरूलाई पारित ऐनमा पनि हुवहुँ राखिएको छ । दफा ७ मा उल्लेखित 'प्रसारणमा रोक लगाउन सकिने' प्रावधानमा केही संशोधन गरिएपनि पारित विधेयकमा ' मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ' भनी उल्लेख छ जुन व्यवस्था अनुदार र अनुचित त छ नै साथै यस्तो प्रावधानको दुरुपयोग हुनसक्ने सम्भावना पनि उत्तिकै रहन्छ । त्यस्तै दफा ६ को 'इजाजतपत्र दिन सकिने' व्यवस्था अन्तर्गत प्रदेश सरकारले इजाजतपत्रका लागि आएका निवेदन उपर 'आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएका शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ' भनी उल्लेख छ । यसरी शर्तहरूसहित इजाजत दिने अस्पष्ट कानूनी व्यवस्थाको पनि दुरूपयोग हुने खतरा रहन्छ । दफा १० को 'कार्यक्रम उत्पादन तथा प्रसारण' सम्बन्धी व्यवस्थामा प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा प्राथमिकता दिनुपर्ने भन्दै १३ वटा विषय तोकिएको छ भने त्यसअघिको मस्यौदामा नौ वटा विषय तोकिएको थियो । यसरी कार्यक्रम उत्पादन तथा प्रसारणमा प्राथमिकता तोक्नु राम्रो होइन, संस्थाको स्वविवेकमा छाडिदिनुपर्छ । दफा १३ (२) को 'प्रदेश सरकारले विपद वा अन्य कुनै जरूरी सार्वजनिक सूचना तत्काल प्रसारण गर्नुपरेमा प्रसारण संस्थाले निःशुल्क प्रसारण गरिदिनु पर्नेछ' भन्ने प्रावधानलाई प्रष्ट पार्न जरूरी छ । यसरी प्रसारण संस्थालाई निःशुल्क सूचना प्रसारण गर्न वाध्य पार्नुहुँदैन । जरूरी सार्वजनिक सूचना भनेर मात्र हुँदैन, त्यस्तो जरूरी सार्वजनिक सूचना भनेको के हो भन्ने कुरा प्रष्ट पार्नुपर्दछ ।

दफा १६ मा 'प्रसारकको काम, कर्तव्य र अधिकार' शीर्षकमा तीनवटा काम कर्तव्य अधिकार तोकिएका छन् जबकि यसअघि मस्यौदामा चारवटा बुँदा राखिएको थियो । त्यस्तै त्यही दफामा प्रसारकले ध्यान दिनुपर्ने भनी पाँचवटा विषय पनि उल्लेख गरिएको छ । चाहे काम, कर्तव्य र अधिकारका विषय हुन् वा ध्यान दिनुपर्ने पक्ष, ती विषयलाई त्यसरी ऐनमा तोकिनु उपयुक्त हुँदैन । पत्रकारले के गर्न हुने र के गर्न नहुने भन्ने कुरा पत्रकार आचार संहितामा उल्लेख गरिने विषय हो, ऐनमा यस्ता विषय उल्लेख गर्नु उपयुक्त हुँदैन । प्रसारण संस्थाको काम कर्तव्य र अधिकारमा भने त्यस्ता प्रावधानहरु राख्न सकिन्छ ।

दफा १८ को 'सजाय'सम्बन्धी व्यवस्थामा उल्लेख भएको ' प्रसारण संस्थाको इजाजतपत्र नलिई वा कार्यक्रम प्रसारणको स्वीकृति नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र

15 २०७८ असार १४ गते सेन्टर फर मिडिया रिसर्च नेपालले गरेको छलफलमा व्यक्त धारणा ।

16 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । *प्रदेश नं ५ प्रदेश प्रसारण विधेयक २०७५ मस्यौदामाथि टिप्पणी र सुझाव ।* *http://www.mediapolicy.org.np/2019/03/media-policy-documents/1080/*

तथा अनुमतिपत्र दस्तुर वा शुल्क असुल गरी सो बराबरको रकम जरिवाना हुनेछ भनी उल्लेख छ । तर, मस्यौदामा उल्लेखित 'एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ' भन्ने प्रावधानलाई हटाएर प्रदेशसभाले पारित गरेको हो । त्यस्तै मस्यौदामा 'कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ' भन्ने प्रावधान पनि पारित विधेयकमा हटाइएको छ । यस हिसावले मस्यौदामा उल्लेखित कतिपय नियन्त्रणकारी र संकुचन गर्ने किसिमका प्रावधानहरूको प्रदेशसभाले संशोधन गर्दै पारित गरेपनि अहिले पनि पर्याप्त छैन ।

त्यसो त लुम्बिनी प्रदेशले २०७५ सालमा नै प्रदेश सञ्चार नीतिको मस्यौदा तयार गरेको हो ।[17] प्रदेश नीति विशेष गरी अनलाइन माध्यमप्रति अनुदार रहेको देखिन्छ । नीतिमा विद्युतीय माध्यम विशेष गरी अनलाइनले नकारात्मक पक्षलाई प्रोत्साहन गर्छ कि भन्ने आशंका धेरै गरिएको देखिन्छ । त्यस्तै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरकारको मातहतमा मिडिया सञ्चालन गर्ने प्रावधान पनि नीतिमा समावेश गरिएको छ । खास-खास विषयवस्तुमा संवेदनशिलता अपनाउन स्वनियमनमा जोड दिइएकाले स्वनियमनका नाममा स्वनियन्त्रण हुन सक्ने सम्भावनाको खतरा पनि उत्तिकै रहेको छ । सञ्चारका माध्यमको वर्गीकरण गरी सहुलियत निर्धारणमा शर्तसहितको जुन व्यवस्था राखिएको छ, त्यसले समस्या ल्याउने छ । निर्णायक भूमिका हुने गरी सञ्चार माध्यममा विदेशी लगानी रोकिएको छ, जुन दीर्घकालीन नीतिसँग बाझिन्छ । दीर्घकालिन नीतिमा छापा माध्यममा मात्रै विदेशी लगानीलाई स्वीकार गरिएको छैन ।

नीतिमा उल्लेखित 'प्रदेश सूचना तथा सञ्चार प्रतिष्ठान' स्थापना गरिने विषय होस् वा 'प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान' को स्थापनाको प्रसंग नै किन नहोस्, त्यसले सरकार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मिडिया संचालनमा जोडिन खोजेको देखिन्छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मिडिया सञ्चालन गर्नुहुँदैन । यसका साथै कानून पालना नगर्ने सञ्चार माध्यमहरूलाई आवश्यक कारवाही गरिने व्यवस्था होस् वा दर्ता नगरिकन सञ्चालित अनलाईन सञ्चार माध्यमलाई कारवाही गरिने व्यवस्था नै किन नहोस्, नीतिमा उल्लेखित यस्ता विषयले नीति नियन्त्रणमुखी भएको देखिन्छ । भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा साइवर सुरक्षासम्वन्धी कानूनअनुसार कारबाहीको व्यवस्था मिलाइने छ भनी जुन व्यवस्था राखिएको छ, त्यसले पत्रकारहरूलाई पनि फौजदारी कारवाही हुन सक्छ भनी संकेत गरिएको हो जुन आफैमा आपत्तिजनक विषय हो ।[18]

लोकतान्त्रिक शासन व्यवस्थाअनुरूप आमसञ्चार माध्यमको विकास, विस्तार र अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनको मूल मर्मलाई आत्मसाथ गरेर प्रदेश नीति तयार पार्न आवश्यक छ । नीतिले मिडिया र पत्रकारलाई जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ, त्यसका लागि नियन्त्रण नभई सहजीकरण गर्ने सिद्धान्तबाट निर्देशित हुन जरूरी छ ।

अनलाइन माध्यमका बारेमा सैद्धान्तिक र व्यवहारिक रूपमा प्रष्ट हुन आवश्यक छ । अनलाइन माध्यमलाई नियन्त्रण होइन, विस्तार र व्यवस्थित गर्ने मान्यताबाट निर्देशित हुन आवश्यक छ । अनलाइन माध्यम र अनलाइन पत्रकारिता गर्ने अनलाइनलाई फरकफरक तरिकाले हेर्न आवश्यक छ । अनलाइन माध्यमहरूलाई जिम्मेवार तथा जवाफदेही हुन र पत्रकारिता गर्न खोलिएका अनलाइन माध्यमहरूलाई पत्रकारिताको आचारसंहिता र मुल्य मान्यतालाई पालनाका लागि प्रोत्साहन गर्ने व्यवस्था गर्न आवश्यक छ ।

पत्रकारलाई फौजदारी अभियोग लगाउन सक्ने बाटो खुल्ला गरिएको छ । पत्रकारलाई फौजदारी नभएर देवानी कानून आकर्षित हुने व्यवस्था गर्नुपर्छ । इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमको प्रयोग र त्यसबाट हुन सक्ने दुरूपयोग नियन्त्रणलाईभन्दा लाभलाई प्राथमिकता दिन जरूरी छ । राष्ट्रिय अखण्डता, नागरिकबीचको सद्भाव, राष्ट्रिय सुरक्षा, लगायत प्रादेशिक आर्थिक-सामाजिक-राजनीतिक संवेदनशीलतालाई मिडियाले ख्याल गर्नुपर्छ । र, मिडियाको स्वनियमनको जिम्मा स्वयं मिडियालाई दिनुपर्छ । अनुगमनका रूपमा स्वनियमनलाई बुझ्नुहुँदैन ।

17 सञ्चार नीतिको मस्यौदा तयार पार्न आन्तरिक मामिला मन्त्रालयले सचिव मानबहादुर बीकेको संयोजकत्वमा ४ सदस्यीय कानून मस्यौदा समिति गठन गरेको थियो । समितिले तयार पारेको मस्यौदामाथि गृहकार्य र पत्रकारहरूसँगको अन्तर्क्रियापछि मस्यौदा तयार पारी सार्वजनिक गरिएको हो ।

18 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । *प्रदेश नं ५ को प्रस्तावित आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव* । http://www.mediapolicy.org.np/2018/11/media-policy-reviews- recommendations/641/

आमसञ्चार माध्यमका विषयवस्तुलाई गुणस्तरीय, विश्वसनीय, र जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ जसले गर्दा मिडियासँग सम्बन्ध पनि रहिरहन्छ र हस्तक्षेप पनि हुँदैन । व्यवसायिक मिडियालाई प्रवर्द्धन गर्ने र तिनीहरूको सुरक्षाको प्रत्याभूत गर्नुपर्छ । फ्रिक्वेन्सी वितरणको अधिकार संघलाई भएकाले प्रदेश सरकारको फ्रिक्वेन्सी नीति संघीय सरकारसँग मेल खाने गरी राख्न आवश्यक छ ।

प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी प्रदेशस्तरका सरकारी सञ्चार माध्यमहरूलाई व्यवस्थित गर्न 'प्रदेश सञ्चार बोर्ड' गठन गरीनेछ र सो बोर्डलाई पूर्ण स्वायत्तताका साथ काम गर्ने वातावरण मिलाइनेछ भन्ने व्यवस्था गरिएको छ जसलाई हटाउन आवश्यक छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मिडिया सञ्चालन गर्न हुँदैन । श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षाका लागि सेवा, शर्त तथा सुविधासम्बन्धी श्रमजीवी पत्रकार ऐनअनुसार गरिने व्यवस्था गर्नुपर्छ ।

एफ.एम रेडियोको नेटवर्किङमार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा र संस्कृतिमा पर्न सक्ने नकारात्मक प्रभाव रोकथाम एवं न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारलाई जानकारी दिने व्यवस्था गर्न आवश्यक छ । सामग्रीहरू प्रकाशन गर्न नपाइने व्यवस्थालाई परिमार्जन गर्न आवश्यक छ । मिडियालाई नियन्त्रण र प्रतिवन्ध लगाउन हुँदैन ।

## संस्था दर्ता/संचालनमा अनावश्यक झन्झट

प्रदेश नं ५ संघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभाबाट २०७६ वैशाख १५ गते पारित भई वैशाख २४ गते प्रमाणीकरण गरी कार्यन्वयनमा आइसकेको छ ।[19] यस ऐनअर्न्तगत रहेर लुम्बिनी प्रदेशमा आर्थिक बर्ष २०७६/०७७ मा ७७ वटा र २०७७/०७८ मा १४ वटा गरी असार मसान्तसम्म जम्मा ९१ वटा संस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयमा दर्ता भएको मन्त्रालयको तथ्यांक छ । यता, ऐनमा भने समस्या भएकाले कार्यन्वयनमा चुनौती थपिएको छ । ऐनको परिच्छेद २ को दफा ४ (१) मा 'यस ऐनबमोजिम संस्था दर्ता नगरी संस्था संचालन गर्नहुँदैन' भनी उल्लेख गरिएको छ भने सोही दफाको उपदफा २ मा यसअघि दर्ता नभई स्थापना गरिएका संस्थाले यो ऐन बमोजिम दर्ता भै संस्था संचालन गर्नुपर्नेछ भनी उल्लेख छ । त्यस्तै उपदफा ३ मा अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेशभित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नुपरेमा यो ऐनवमोजिम दर्ता हुनुपर्ने छ भनी उल्लेख गरिएको छ । ऐनमा उल्लेखित यो विषय व्यवहारिक छैन । ऐनको यो व्यवस्थाअनुसार देशभरी काम गर्ने सामाजिक संस्थाहरूले ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय तहमा दर्ता गर्नुपर्ने हुन सक्छ जुन आफैमा अव्यवहारिक कुरा हो ।

गैर सरकारी संस्था महासंघका लुम्बिनी प्रदेश अध्यक्ष गोविन्द प्रसाद रेग्मीले पनि प्रदेश सरकारबाट जारी संघ संस्था दर्ता ऐन २०७६ राष्ट्रिय ऐनसँग बाझिने भएकोले संशोधन गर्न आवश्यक रहेको बताए । हरेक प्रदेश, जिल्ला र स्थानीय सरकारमा संस्था दर्ता गर्नुपर्ने ऐनको प्रावधान अत्यन्त अव्यवहारिक भएको बताउँदै रेग्मीले भने, 'संघ र प्रदेशकावीच शक्ति बाँडिएकोले संस्था नवीकरणमा समस्या आएको हो । जिल्ला प्रशासन कार्यालयले गर्दै आएको नवीकरण कार्य परिवर्तन गरी संघ र प्रदेशविच कार्य विभाजन गरिएकाले समस्या आएको हो ।'[20]

ऐनको उपदफा ४ मा उल्लेखित 'उपदफा ३ बमोजिम दर्ता भएका संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्नेछ' भन्ने प्रावधान पनि व्यवहारिक छैन । त्यस्तै उपदफा ५, ६ र ७ मा उल्लेखित आवेदन, अभिलेख र अभिलेखीकरणको प्रावधान पनि व्यवहारिक छैन । त्यसैले हरेक जिल्ला र स्थानीय तहमा दर्ता र सुचीकृत हुनुपर्ने यस्ता प्रावधानहरूलाई हटाउनु नै उपयुक्त हुन्छ । त्यस्तै ऐनको दफा ५ को उपदफा २ मा उल्लेखित 'संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ भन्ने प्रावधान तजवीजी किसिमको छ । त्यसैले ऐनमा 'आवश्यक जाँचबुझ', 'उचित ठानेमा' जस्ता तजवीजी प्रावधान राखिनुहुँदैन । उपदफा ४ मा पनि यस्तै किसिमको तजवीजी अधिकार छन् जुन ऐनमा राख्ने कुरा उपयुक्त छैन ।

उपदफा १० मा आय व्यय जाँच गर्ने अर्न्तगत उपदफा

19 प्रदेश सभा, प्रदेश नं ५ बुटवल । २०७६ । *प्रदेश नं ५ संघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।* विधेयक संग्रह तेस्रो अधिवेशन (पृष्ठ ७८-८५) । प्रदेश सभा सचिवालय बुटवल ।

20 २०७८ असार १४ गते सेन्टर फर मिडिया रिसर्च नेपालले गरेको छलफलमा व्यक्त धारणा ।

१ मा संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको आय व्यय आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ भनी उल्लेख गरिएको छ भने उपदफा २ मा उपदफा १ वमोजिम आय व्यय जाँच गराएवापत तोकिएबमोजिम दस्तूर असुल गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ । यसरी जुन संस्थाको आय व्यय जाँच गरिएको हो, उसैबाट असुलउपर गर्ने कार्य व्यवहारिक छैन । त्यस्तै ऐनको परिच्छेद ४ मा दण्ड सजाय र पुनरावेदन अर्न्तगतका कतिपय दफाहरू पनि व्यवहारिक छैनन् । दफा ११ को उपदफा ४ मा दफा ७ बमोजिम संस्था दर्ता अधिकारीको स्वीकृती नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफनो उदेश्यको प्रतिकुल हुनेगरी काम कारवाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालन नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ भनी उल्लेखित प्रावधान उपयुक्त छैन । यसरी संस्थाको दर्ता निलम्बन वा खारेज गर्ने कुरा व्यवहारिक छैन बरू त्यसरी नियम कानून नपुऱ्याई काम गर्ने संस्थाहरूलाई जरीवाना गर्ने प्रावधान राख्दा उपयुक्त हुन्छ ।

दफा १४ मा मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ भनी उल्लेखित प्रावधानको दुरूपयोग हुने खतरा रहन्छ । त्यसैले सरकारले निर्देशन दिने र संस्थाले त्यस्तो निर्देशनको पालना गर्नुपर्ने प्रावधानले संस्थाको स्वतन्त्रता रहदैन, सरकारको हस्तक्षेप हुन जान्छ । त्यसैले यस्ता प्रावधानहरूलाई नराख्नु नै उत्तम हुनेछ । त्यस्तै दफा १७ मा 'प्रचलित नेपाल कानूनवमोजिम वा प्रदेश कानून बमोजिम दर्ता भएको संस्थाले यस प्रदेश वा प्रदेशभित्रका कुनै पनि स्थानीय तहमा कार्यक्षेत्र बनाई काम गर्न चाहेमा संस्थाको कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐनबमोजिम दर्ता हुनुपर्नेछ' भनी उल्लेखित प्रावधान पनि आफैमा झन्झटिलो छ । यस्ता झन्झटिला प्रावधानहरू ऐनमा राख्नु उपयुक्त हुँदैन ।

# स्थानीय तहको अवस्था पनि उस्तै

संघीय सरकारले स्थानीय तहको लागि केही नमुना कानूनहरू बनाएर पठाएसँगै उनीहरूले कानून निर्माणको कार्यलाई तीव्रता दिएको देखिन्छ । यस क्रममा संघीय सरकारले 'एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४' शीर्षकमा नमुना कानून तयार पारी स्थानीय तहमा पठाएको थियो । धेरैजसो स्थानीय तहले त्यही शीर्षकमा तयार गरे भने कतिपयले शीर्षक परिवर्तन गरी जारी गरे । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले २०७४ माघ २७ गते नै एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि ऐन, २०७४ नाम दिएर यस किसिमको कानून बनाएको देखिन्छ । त्यसो त नमुना कानूनमा उल्लिखित कतिपय विषय संविधानको प्रावधानविरूद्ध र भाषागत त्रुटि एवं स्पष्टताको अभाव रहेकोमा स्थानीय तहले त्यसलाई हुवहुँ अनुसरण गरेका कारण स्थानीय तहले अनुमोदन गरेका कानूनमा समस्या देखिएको छ । नमुना कानूनको दफा १० मा प्रसारणमा रोक लगाउन सकिने शीर्षक अन्तर्गत २ अवस्थामा रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सकिने व्यवस्था गरिएको छ । दफा १० मा भनिएको छ–

गाउँपालिका/नगरपालिकाले कुनै एफएम रेडियो प्रसारणस्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा देहायबमोजिम भएको देखिएमा बढीमा ३ महिनाका लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ : (क) निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको र त्यसरी मौका दिँदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा, (ख) समितिले कसैले कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरुपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ ।'[21]

नमुना कानूनमा उल्लिखित यो प्रावधान तिलोत्तमाले आफ्नो कार्यविधि ऐनमा हुबहु राखेको छ । माथि (क) मा उल्लेख

21 नेपाल सरकार । २०७४ । एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ नमुना कानून ।

गरिएभैँ सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको र त्यसरी मौका दिँदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा एफएम रेडियो प्रसारणमा रोक लगाउने कुरा गलत छ । कुनै गलत कुरा प्रसारण गरेमा जरिवाना गर्न सक्छ, सुविधा रोक्न सक्छ तर प्रसारण रोक्न सक्दैन । प्रसारण रोक्ने कार्य संविधान विपरित हो ।[22]

त्यस्तै दफा १० (ख) मा 'कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुभाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ' भनी उल्लेख गरिएको प्रावधान अस्पष्ट छ । इजाजतपत्र नलिइ अनधिकृतरूपमा कार्यक्रम नभएर रेडियो सञ्चालन गरेको अवस्थामा हुनुपर्ने हो र यसरी रेडियो सञ्चालन गरेको अवस्थामा कारबाही गर्न पनि सकिन्छ । फेरि कार्यक्रमलाई इजाजतपत्र लिने भन्ने कुरा आउँदैन । रेडियोका लागि इजाजतपत्र लिनुपर्ने हो । फेरि इजाजतपत्र नै नलिएको वा दर्ता नै नगरी सञ्चालन गरेको रेडियोलाई सफाइको मौका दिने भन्ने विषय नै आउँदैन । त्यसैले पनि यो प्रावधान अस्पष्ट छ ।

जे होस्, दफा १० मा उल्लिखित यी दुवै प्रावधान प्रसारणमा रोक लगाउने हिसावले आएका छन् । यसरी प्रसारणमा रोक लगाउने विषय संविधानविपरित छ । नेपालको संविधान २०७२ धारा १९ को उपदफा (२) मा कुनै श्रव्य, श्रव्य/दृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भनी उल्लेख गरिएको छ । संवैधानिक प्रावधानमा बन्द, जफत वा दर्ता खारेज गर्न नपाइने स्पष्ट उल्लेख भएपनि नमुना कानूनदेखि स्थानीय तहले पारित गरेका एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधिमा 'एफएम रेडियो तत्काल बन्द गर्ने' भन्ने कुरा राख्नु संविधानको व्यवस्था विपरित देखिन्छ ।

नेपालको संविधान २०७२ ले धारा १९ मा सञ्चारको हकमा 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्य/दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन' भनी उल्लेख गरिएको छ । 'पूर्वप्रतिबन्ध' निषेध गरेको अवस्थामा स्थानीय तहले अनुमोदन गरेका कानूनमा एफएम रेडियोले कार्यक्रम प्रसारण गर्दा पालना गर्नुपर्ने भनी जे/जस्ता सर्त राखेका छन् त्यसलाई पूर्वप्रकाशन प्रतिबन्धका रूपमा लिन सकिन्छ । यस्तै दफा १६ मा प्रसारण गर्न नहुने शीर्षकअन्तर्गतको उपदफा (ज) मा संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही नगरसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरु भन्ने प्रावधानले पनि प्रश्न चिह्न उठाएको छ । 'स्थानीय तहको नगरसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएको' भन्ने वाक्यांशले स्वतन्त्र प्रेसलाई कुण्ठित गर्न सक्ने देखिन्छ । उदाहरणका लागि स्थानीय तहको सभामा कुनै एक दलको बहुमत आएको अवस्थामा उसले आफ्नो पक्षमा मात्र समाचार सामग्री प्रसारणमा प्राथमिकता दिनुपर्ने निर्णय गरी यो प्रावधानको दुरुपयोग हुने खतरा छ । कानून बनाउँदा यसतर्फ ध्यान नदिएको देखिन्छ । साथै यस किसिमको प्रावधान स्वतन्त्रता कुण्ठित गर्ने नियतबाट प्रेरित देखिन्छ ।[23]

दफा २१ को उपदफा २ मा 'निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा वा समितिले कसैले कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर, बन्द गर्नुअगाडी सफाइको मौका दिनुपर्नेछ' भनी उल्लेख छ । कार्यक्रमका लागि नभई रेडियो सञ्चालनका लागि इजाजत लिने हो । इजाजत नलिई रेडियो संचालन गरेको अवस्थामा कारबाही गर्न पनि सकिन्छ तर कार्यक्रमलाई इजाजतपत्र लिने भन्ने कुरा आउदैन । इजाजतपत्र नै नलिएको वा दर्ता नै नगरी अनधिकतृ रूपमा सञ्चालन गरेको रेडियोलाई सफाईको मौका दिने भन्ने विषय आउँदैन । तर कार्यक्रम प्रसारण

22 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । स्थानीय तहको मिडिया नीति तथा कानूनः संघीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानून र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधीमाथि टिप्पणी र सुभाव ।

23 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । *स्थानीय तहको मिडिया नीति तथा कानूनः संघीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानून र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधीमाथि टिप्पणी र सुभाव ।*

गरेकै आधारमा एफएम रेडियो बन्द गर्ने भनी ऐनमा उल्लेखित प्रावधान संविधानको धारा १९ विपरित देखिन्छ । यस्तै, एफएम रेडियोको इजाजतपत्र दिने अधिकार (दफा ७), त्यसको अनुगमन गर्ने (दफा १२) र दण्ड जरिवाना तोक्ने (दफा २२) सबै कार्य स्थानीय तह आफैँले गर्ने जुन प्रावधानहरु कार्यविधिमा राखिएको छ, त्यो शक्ति पृथकीकरण सिद्धान्तको विपरित हो, जो संविधानसँग सिधै बाभिन्छ ।[24]

त्यस्तै दफा ११ मा इजाजतपत्र रद्द गर्न सकिने शीर्षकअन्तर्गत तोकिएको सर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुने उल्लेख छ । पहिले नै सर्त तोक्ने कार्य जायज भएपनि पछि तोकिने सर्त कुनै हिसावले पनि स्वीकार्य हुन सक्दैन । बरू यस्तो सर्त तोक्ने कार्यले प्रेसका अधिकारमा अवरोध सिर्जना हुन सक्छ । दफा २२ को १ मा यस कानून विपरित गर्नेलाई कार्यपालिकाले एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा तोकिएबमोजिम जरिवाना गर्न सक्नेछ भन्ने उल्लेख गर्दै अनुगमन समितिको स्वविवेकमा छाडिएको छ । यसरी अनुगमन समितिको स्वविवेकमा छाडिदिने कार्य न्यायसंगत देखिदैंन ।

# निष्कर्ष र सुझावहरू

पत्रपत्रिका, अनलाइन, रेडियो, टिभी, सञ्चार परिषद् लगायतका विषयलाई समावेश गरी एकमुष्ट रुपमा कानून बनाउने तयारी गर्नु राम्रो हो । तर, संचार माध्यमसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेका आपत्तिजनक प्रावधानहरूलाई संशोधन गर्न जरूरी छ । विशेष गरी विधेयकको परिच्छेद ६ को दफा ५३ मा  सञ्चार परिषद् (मिडिया काउन्सिल)को अध्यक्षमा आन्तरिक मामिला तथा कानून मन्त्री अध्यक्ष रहने र त्यसमा मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, प्रदेश सरकारको श्रम हेर्ने मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रहने प्रावधानलाई हटाउन जरूरी छ । मिडिया सञ्चालक र पत्रकारले अपराधजन्य कार्य गरे कारबाहीका लागि विभिन्न कानूनहरु आकर्षित हुन सक्छन् । तर, मिडिया र मिडियामा आएका सामग्रीका सन्दर्भमा परिच्छेद ८ को दफा ६९ देखि ८७ सम्म रहेका मिडिया सञ्चालक र पत्रकारलाई फौजदारी कानून लाग्ने प्रावधानहरूलाई हटाउन आवश्यक देखिन्छ ।

त्यस्तै दफा ४५ मा राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै विषयमा तोकिएको अवधिका लागि प्रकाशन तथा प्रसारणमा रोक लगाउने वा तोकिएको अधिकारीको स्वीकृति लिएर मात्र प्रकाशित गर्ने आदेश जारी गर्न सक्ने प्रावधान होस् वा दफा ४४ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदाहरू (पूर्व प्रतिबन्ध लगाउन सक्ने गरी) वा दफा १९ मा पत्रपत्रिकाको प्रमाणपत्र खारेज गर्न सक्ने जस्ता प्रावधानहरू हटाउन जरूरी छ । त्यसो त आचार संहितामा समेटनुपर्ने दफा १० मा रहेको कार्यक्रम उत्पादन तथा प्रसारणका लागि प्राथमिकताका १६ वटा बुँदा जस्ता प्रावधानहरूलाई ऐनमा राख्नु पनि उचित छैन ।

दफा २९ को उपदफा ३ मा म्यादभित्र नवीकरण नगराउने अनलाइन सञ्चार माध्यमलाई कार्यालयले रोक लगाउन सक्ने व्यवस्थाको सट्टा त्यस्ता सञ्चार माध्यमलाई अतिरिक्त शुल्क लिन सक्ने व्यवस्था राख्नु उचित हुने देखिन्छ । त्यस्तै दफा ३४ मा रहेको अनलाइन सञ्चार माध्यममा प्रकाशित सामग्री कुनै पनि सामग्री प्रकाशन वा प्रसारण गर्न रोक लगाउन रजिष्टारले आदेश दिन सक्ने र सम्बन्धित निकायले त्यस्तो सामग्री प्रकाशन वा प्रसारण हुन नसक्ने गरी रोक्न आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्थालाई हटाउनुपर्ने देखिन्छ । र, अदालतको फैसला वा आदेशपछि मात्र सामग्री हटाउन व्यवस्था गर्दा उपयुक्त हुन्छ । दफा ६४ मा कुनै सञ्चार माध्यम वा पत्रकारले व्यावसायिक आचार संहिता उल्लंघन गरेमा रजिष्टारले आवश्यक छानविन गरी कारवाही गर्न सम्बन्धित सञ्चार माध्यमलाई निर्देशन दिन सक्ने व्यवस्था उपयुक्त छैन । आचार संहितासँग सम्बन्धित विषयलाई सञ्चार परिषद् (मिडिया काउन्सिल) ले हेर्ने गरी राख्नुपर्छ ।

- प्रदेश सभाको सभामुख अध्यक्ष रहेको सिफारिस समिति बनाउने र सोही समितिले सिफारिस गरेको आधारमा सरकारले सञ्चारमाध्यमको

24 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । *स्थानीय तहको मिडिया नीति तथा कानूनः संघीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानून र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधीमाथि टिप्पणी र सुझाव ।*

- सरोकारवालाहरूको अपनत्व र प्रतिनिधित्व रहने गरी निष्पक्ष र सरकारी नियन्त्रणबाट मुक्त रहन सक्ने गरी मिडिया काउन्सिलको पदाधिकारी नियुक्त गर्ने व्यवस्था गर्न जरूरी देखिन्छ ।

- सञ्चारमाध्यमका सामग्रीको विषयमा अदालतमा देवानी मुद्दा चल्ने र अदालतको आदेशबाट मात्रै जरिवाना हुनसक्ने प्रावधानहरु राख्न उपयुक्त देखिन्छ ।

- आचार संहितामा नै पत्रकारले के के गर्न नहुने उल्लेख हुने भएकाले पत्रकारलाई जिम्मेवार र जबाफदेही बनाउन आचार संहिता पालनालाई नै विशेष जोड दिनुपर्ने देखिन्छ । यस्ता विषयमा रजिष्टारले दण्ड सजाय वा जरीवाना तोक्ने कार्य गलत हो ।

संघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा रहेका अस्पष्टताहरू पनि सच्याउन आवश्यक छ । अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेशभित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नुपरेमा यो ऐनवमोजिम दर्ता हुनुपर्ने छ भनी उल्लेख गरिएको प्रावधान व्यवहारिक छैन । ऐनको यो व्यवस्थाअनुसार देशभरी काम गर्ने सामाजिक संस्थाहरूले ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय तहमा दर्ता गर्नुपर्ने हुन सक्छ जुन आफैमा अव्यवहारिक कुरा हो । ऐनको उपदफा ४, ५, ६ र ७ मा उल्लेखित दर्ता, आवेदन, अभिलेख र अभिलेखीकरणको प्रावधान पनि व्यवहारिक छैन । त्यसैले हरेक जिल्ला र स्थानीय तहमा दर्ता र सुचीकृत हुनुपर्ने यस्ता प्रावधानहरूलाई हटाउनु नै उपयुक्त हुन्छ ।

ऐनको दफा ५ को उपदफा २ मा उल्लेखित 'संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ भन्ने प्रावधान तजवीजी किसिमको छ । त्यसैले ऐनमा 'आवश्यक जाँचबुझ', 'उचित ठानेमा' जस्ता तजवीजी प्रावधान राखिनुहुँदैन । दफा ११ को उपदफा ४ मा दफा ७ बमोजिम संस्था दर्ता अधिकारीको स्वीकृती नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफनो उदेश्यको प्रतिकुल हुनेगरी काम कारवाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालन नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ भनी उल्लेखित प्रावधान पनि उपयुक्त छैन । यसरी संस्थाको दर्ता निलम्बन वा खारेज गर्ने कुरा व्यवहारिक छैन बरू त्यसरी नियम कानून नपुऱ्याई काम गर्ने संस्थाहरूलाई जरीवाना गर्ने प्रावधान राख्दा उपयुक्त हुन्छ । दफा १४ मा मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ भनी उल्लेखित प्रावधानको दुरूपयोग हुने खतरा रहन्छ । त्यसैले सरकारले निर्देशन दिने र संस्थाले त्यस्तो निर्देशनको पालना गर्नुपर्ने प्रावधानले संस्थाको स्वतन्त्रता रहदैन, सरकारको हस्तक्षेप हुन जान्छ । त्यसैले यस्ता प्रावधानहरूलाई नराख्नु नै उत्तम हुनेछ ।

संघीय सरकारले स्थानीय तहको लागि पठाएको 'एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४' शीर्षकको नमुना कानूनमा उल्लेखित कतिपय प्रावधानलाई रुपन्देहीको तिलोत्तमा नगरपालिकाले हुवहुँ अनुसरण गरेको देखिन्छ । नमुना कानूनमा उल्लेखित कतिपय विषय संविधानको प्रावधानविरूद्ध भएकाले स्थानीय तहले अनुमोदन गरेका कानूनमा पनि समस्या देखिएको हो । एफएमले कुनै गलत कुरा प्रसारण गरेमा जरिवाना गर्न सक्छ, सुविधा रोक्न सक्छ तर प्रसारण रोक्न सक्दैन । प्रसारण रोक्ने कार्य संविधान विपरित हो । दफा १० मा उल्लिखित दुवै प्रावधान प्रसारणमा रोक लगाउने हिसावले आएका छन् । यसरी प्रसारणमा रोक लगाउने विषय पनि संविधानविपरित छ । यस्ता प्रावधानलाई हटाउन जरूरी छ ।

दफा १६ मा प्रसारण गर्न नहुने शीर्षकअन्तर्गतको उपदफा (ज) मा 'स्थानीय तहको नगरसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएको' भन्ने वाक्यांशले स्वतन्त्र प्रेसलाई कुण्ठित गर्न सक्ने देखिन्छ । एफएम रेडियोको इजाजतपत्र दिने अधिकार (दफा ७), त्यसको अनुगमन गर्ने (दफा १२) र दण्ड जरिवाना तोक्ने (दफा २२) सबै कार्य स्थानीय तह आफैँले गर्ने जुन प्रावधानहरु कार्यविधिमा राखिएको छ, त्यो शक्ति पृथकीकरण सिद्धान्तको विपरित हो, जो संविधानसँग सिधै बाझिन्छ ।[25]

---

25 सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । *स्थानीय तहको मिडिया नीति तथा कानून: संघीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानून र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधीमाथि टिप्पणी र सुझाव ।*

संविधानसँग बाझिएका यस्ता प्रावधानलाई हटाउनुपर्छ । दफा ११ मा इजाजतपत्र रद्द गर्न सकिने शीर्षकअन्तर्गत तोकिएको सर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुने उल्लेख छ । पहिले नै सर्त तोक्ने कार्य जायज भएपनि पछि तोकिने सर्त कुनै हिसावले पनि स्वीकार्य हुन सक्दैन । बरू, यस्तो सर्त तोक्ने कार्यले प्रेसका अधिकारमा अवरोध सिर्जना हुन सक्छ । त्यसैले यस्तो सर्तहरूको विषयमा कि पहिल्यै प्रष्टयाउनुपर्छ अन्यथा पछि तोक्ने गरी राखिने यस्ता प्रावधान राख्नु उपयुक्त हुँदैन । दफा २२ को १ मा यस कानूनविपरित गर्नेलाई कार्यपालिकाले एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा तोकिएबमोजिम जरिवाना गर्न सक्नेछ भन्ने उल्लेख गर्दै अनुगमन समितिको स्वविवेकमा छाडिएको छ । यसरी अनुगमन समितिको स्वविवेकमा नछाडी यस्तो रकम पहिल्यै तोक्नु उपयुक्त हुन्छ ।

## सन्दर्भ सामाग्री


*एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि ऐन, २०७४* । तिलोत्तमा नगरपालिका ।

*एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४* । नमुना कार्यविधि । नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ ।

*नेपालको संविधान २०७२ ।*

प्रदेश सभा, प्रदेश नं ५ बुटवल । २०७६ । *प्रदेश नं ५ संघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।* विधेयक संग्रह तेस्रो अधिवेशन (पृष्ठ ७८-८५) । प्रदेश सभा सचिवालय बुटवल ।

*प्रेस काउन्सिल नेपाल ४५ बार्षिक प्रतिवेदन २०७७ । प्रेस काउन्सिल नेपाल ।*

सेन्टर फर मिडिया रिसर्च नेपाल (२०७८) अप्रकाशित प्रतिवेदन । लुम्बिनी प्रदेशको मिडियामा कोभिड १९ को प्रभाव ।

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । *लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू* । http://www.mediapolicy.org.np/2021/06/media-policy-reviews-recommendations/3036/

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । *प्रदेश नं ५ छापाखाना र प्रकाशन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मस्यौदामाथि टिप्पणी र सुझाव http://www.mediapolicy.org.np/2019/02/media-policy-documents/942/*

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । *प्रदेश नं ५ प्रदेश प्रसारण विधेयक २०७५ मस्यौदामाथि टिप्पणी र सुझाव http://www.mediapolicy.org.np/2019/03/media-policy- documents/1080/*

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । *प्रदेश नं ५ को प्रस्तावित आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव । http://www.mediapolicy.org.np/2018/11/media-policy-reviews-recommendations/641/*

सेन्टर फर मिडिया रिसर्च नेपाल र पाल्पा विकास केन्द्र । २०७६ । *स्थानीय तहको मिडिया नीति तथा कानून: संघीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानून र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधीमाथि टिप्पणी र सुझाव ।*

https://www.swc.org.np/sites/default/files/downloads/Province-5-Chart.pdf

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानूनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागि:**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org.np
वेभः research.butmedia.org